का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ वैशाख २०७९,
बिहीबार
14 April 2022,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

नयाँ वर्ष विशेषांक थप १६ पृष्ठ

वर्ष २०, अंक ६८ । पृष्ठ ८+१६ Madhyanha National Daily www.madhyanhadaily.com

वर्ष–२०७९

# सामान्यकालको पर्खाइ

बितेको वर्ष २०७८ राजनीतिक, संवैधानिक र सामाजिक (कोरोना महामारी सिर्जित भय) संकटमय बन्यो । वर्षको अन्त्यतिर आइपुग्दा मुलुक फेरि सामान्य कालमा फर्कने संकेत देखिएको छ । तर ढुक्क हुने परिस्थिति बनिसकेको छैन ।



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३० चैत ।

गत वर्ष अर्थात् २०७८ साल नेपालको राजनीतिक उतारचढावमय बन्यो । संसद विघटन र पुनर्स्थापना, दल विभाजन, एमसीसी विवाददेखि नियुक्तिका विवादले राष्ट्रिय राजनीति उतारचढावमय रह्यो । २०७७ पुस ५ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पहिलो पटक संसद् विघटन गरेपछि राजनीतिक अस्थिरताको सुरुवात भएको थियो । फेरि प्रधानमन्त्री ओलीले गएको जेठ ७ गते तत्कालीन प्रधानमन्त्री ओलीको सिफारिसमा राष्ट्रपति बिद्यादेवी भण्डारीले दोस्रो पटक प्रतिनिधि सभा बिघटन गरे ।

२०७८ बैशाख २७ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली प्रतिनिधिसभामा विश्वासको मत लिन असफल भएपछि उनले संसद विघटन गरेका हुन् । ओली बैशाख ३० गते संसदमा सबैभन्दा ठूलो दलको संसदीय दलको नेताको हैसियतमा अल्पमतको सरकारको प्रधानमन्त्रीमा पुन नियुक्त भए ।

तत्पश्चात् गत असार २८ गते सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनःस्थापना गर्दै देउवालाई प्रधानमन्त्री बनाउन परमादेश दियो र राष्ट्रपति विद्यादेवी भण्डारीले असार २९ गते देउवालाई प्रधानमन्त्रीमा नियुक्त गरिन् । झण्डै दुई तिहाइको सरकारको नेतृत्व गरेका ओलीको बहिर्गमनसँगै एमालेले नेतृत्व गरेको प्रदेश सरकारहरु पनि धमाधम ढल्न थाले । २०७४ को निर्वाचनपछि एमालेले सुदुर पश्चिम र मधेश प्रदेश बाहेक सबैमा मुख्यमन्त्री पाएको थियो । तर, २०७८ कात्तिकसम्म आइपुग्दा सबै मुख्यमन्त्री गुमेका थिए । एमाले नेतृत्वको गण्डकी प्रदेश सरकार भने गत जेठ २९ ढलेको थियो । तत्पश्चात् राजनीतिक अस्थिरता झनै बढ्यो ।

नेपाली कांग्रेस बाहेक सबै राजनीतिक दलमा विभाजन देखियो । संसद्को पहिलो दल नेकपा एमालेको लामो समय नेतृत्व गरेका पूर्वप्रधानमन्त्रीहरू माधवकुमार नेपाल र झलनाथ खनालले नेकपा एकीकृत समाजवादी गठन गरे । जसका लागि कांग्रेस सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले २० प्रतिशत सांसद वा केन्द्रीय सदस्यले पार्टी विभाजन गर्न सक्ने खुकुलो व्यवस्था

– बाँकी पृष्ठ २ मा

# गठबन्धनतिर एमाले

सत्ता गठबन्धनका दलहरुले साझा उम्मेदवार बनाउने निर्णय गरेपछि एक्लिएको नेकपा एमालेले आगामी चुनावमा राप्रपा नेपाल र परिवार दलसँग गठबन्धन गर्ने भएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० चैत ।



नेकपा एमाले र राप्रपा नेपालबीच आगामी चुनावमा गठबन्धन गर्ने सहमति गर्दै नेताहरु । तस्वीर सौजन्यः एमाले केन्द्रीय मूख्यालय

प्रमुख विपक्षी दल नेकपा एमालेले बुधबार एकैदिन साना दुई दलसँग चुनावी गठबन्धन गर्ने सहमति गरेको छ । कमल थापा नेतृत्वको राप्रपा नेपालसँग गठबन्धन गर्ने बक्तव्य सार्वजनिक गरेको केहीबेरमै एमालेले नेपाल परिवार दलसँग गठबन्धनको सहमति गरेको थियो ।

एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र राप्रपा नेपालका अध्यक्ष कमल थापाको उपस्थितिमा चुनावमा गठबन्धन गर्ने सहमति भएको छ । गठबन्धनबारे गर्ने सहमतिपत्रमा एमालेका स्थानीय विकास प्रमुख देवेन्द्र दाहाल र सुशीलकुमार श्रेष्ठले हस्ताक्षर गरेका छन् ।

पाँच बुँदे सहमति अनुसार, राप्रपा नेपालले आउने स्थानीय चुनावमा सूर्य चिन्हबाटै उम्मेद्वारी दिनेछन् । राप्रपा नेपालको उम्मेद्वार भएको ठाउँमा एमालेले उम्मेद्वारी नदिने भएको छ । राप्रपा नेपालले भने देशभरमा एमालेकै उम्मेद्वारलाई मतदान गर्नेछन् ।

पूर्वपञ्च कमल थापाले भर्खरै राप्रपा नेपाल गठन गरेका थिए । गएको मंसिरमा सम्पन्न राप्रपाको महाधिवेशनमा राजेन्द्र लिङदेनसँग थापा पराजित भएका थिए । पूर्व राजपरिवारले आफूलाई राप्रपाको महाधिवेशनमा हराएको निष्कर्षसहित असन्तुष्ट भएका थापाले राप्रपा नेपाल ब्यूताएका थिए ।

अघिल्लो स्थानीय चुनावमा पनि थापाले एमालेसँगै तालमेल गरेका थिए । त्यसबेला पनि थापा राप्रपा नेपालका अध्यक्ष थिए । तर एकता प्रक्रियापछि बनेको राप्रपामा थापा अध्यक्षमै पराजित भए । उनी निकट रहेर जितेका नेताहरु थापासँग अहिले छैनन् । तिनै दल राप्रपासँग एमालेले चुनावमा गठबन्धन गर्ने सहमति गरेको छ ।

परिवार दलसँग पनि एमालेले राप्रपा नेपालजस्तै सहमति गरेको छ । परिवार दलका उम्मेद्वारहरु सूर्य चिन्हबाटै चुनावमा भाग लिनेछन् । यो दलसँग पनि एमाले स्थानीय विकास विभाग प्रमुख देवेन्द्र दाहालले सहमतिपत्रमा हस्ताक्षर गरेका छन् । परिवारद दलबाट भने महामन्त्री सन्तोषकुमार पौडेलले हस्ताक्षर गरेका छन् ।

आगामी ३० वैशाखमा हुने स्थानीय चुनावमा एमाले एक्लिएको छ । सत्तारुढ दलहरु नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले साझा उम्मेद्वारी दिने तयारी गरेका छन् । मंगलबार मात्रै साझा

– बाँकी पृष्ठ २ मा

नयाँ वर्ष
२०७९ को
शुभकामना
नव वर्ष २०७९ को सुखद अवसरमा हाम्रा पाठकवर्ग, विज्ञापनदाता, विक्रेता एवं स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति समृद्धि दीर्घायू एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मध्यान्ह दैनिक
परिवार

# नरोकिएका देउवा

नेपाली कांग्रेसका संस्थापन इतर समूहका नेताहरुले स्थानीय चुनावमा गठबन्धन गर्न नहुने सार्वजनिक अडान लिइरहेपनि सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा रोकिएका छैनन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३० चैत ।

सत्ता साझेदार दलहरुबीच शक्तिका आधारमा तालमेल गर्ने निर्णय गरेको भोलिपल्ट, बुधबार नेपाली कांग्रेस केन्द्रीय कार्य सम्पादन समितिको बैठक बस्यो । केन्द्रीय मूख्यालय सानेपामा सरकारको नेतृत्व गरिरहेको दल कांग्रेसको कार्य सम्पादन समितिको बैठकले घोषणापत्र केन्द्रीत छलफल गरेको छ ।

महामन्त्री गगन थापा नेतृत्वमा स्थानीय चुनावका लागि घोषणापत्र मस्यौदा समिति बनेको थियो । उक्त समितिले तयार पारेको मस्यौदा संयोजक थापाले कार्य सम्पादन समितिमा पेश गरे । कार्य सम्पादन समितिमा पेश भएको मस्यौदामाथि केन्द्रीय सदस्यहरुको सुझाव संकलन गरेर अन्तिम रुप दिने निर्णय बैठकले गरेको छ ।

तर कांग्रेस बैठकले स्थानीय चुनावको उम्मेद्वारबारे भने छलफल गरेन । जबकी कांग्रेसभित्र उम्मेद्वारकै विषयमा चर्को मतभेद छ । संस्थापन इतरका नेताहरुले चुनावमा हुने गठबन्धन नहुने सार्वजनिक अभिव्यक्ति दिदै आएका छन् । डा.शेखर कोइराला, उपसभापति धनराज गुरुङ, महामन्त्री गगन थापा, नेताहरु चन्द्र भण्डारी, मिनेन्द्र रिजाल लगायत संस्थापन इतर नेताहरुले कांग्रेस एक्लै चुनावमा जानुपर्ने बताउँदै आएका छन् ।

बुधबार मात्रै पनि डा.शेखरले स्थानीय चुनावमा गठबन्धन गर्न नहुने मत सार्वजनिक गरे । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पुत्री रेनु दाहाल मेयर रहेको भरतपुर महानगरपालिकामा यसपटक कांग्रेसले नछोड्ने कोइरालाले बताए । यसपटक पनि माओवादी केन्द्रलाई छोडेमा कांग्रेसले कहिल्यै पनि भरतपुरमा जित्न नसक्ने उनको भनाइ थियो । भरतपुर महानगरपालिकाका २५ सभापतिले माओवादी केन्द्रलाई भागबण्डामा पारिएमा स्वतन्त्र उम्मेद्वारी दिने निर्णय गरिसकेका छन् ।

कांग्रेसका संस्थापन इतरका केन्द्रका

– बाँकी पृष्ठ २ मा

# अबदेखि ‘इन्डिभिजुअल भिसा’मा जान स्वघोषणा अनिवार्य

**काठमाडौं/रासस–** व्यक्तिगत श्रम स्वीकृति ‘इन्डिभिजुअल भिसा’ लिएर वैदेशिक रोजगारीमा जाने व्यक्तिले बिहीबारदेखि अनिवार्य स्वघोषणापत्र अनिवार्यरूपमा भर्नुपर्ने भएको छ । भिजिट भिसा तथा व्यक्तिगत श्रम स्वीकृतिमा जाने अधिकांश नेपाली विदेशमा अलपत्र पर्न थालेपछि सरकारले स्वघोषणापत्र अनिवार्यरूपमा भर्नुपर्ने व्यवस्था गरेको हो ।

वैदेशिक रोजगारीका नाममा भिजिट भिसा र व्यक्तिगत श्रम स्वीकृति लिएर गएका व्यक्ति अलपत्र पर्ने, ठगिने, सरकारले तोकेकोभन्दा बढी शुल्क तिर्न बाध्य पारिनेजस्ता प्रवृत्ति देखिएपछि स्वघोषणापत्र भर्नुपर्ने व्यवस्था गरिएको वैदेशिक रोजगार विभागले जनाएको छ । वैदेशिक रोजगारीमा व्यक्तिगतरूपमा जाने श्रमिकले श्रम स्वीकृति लिंदा नै त्यस्तो स्वघोषणापत्र भर्नुपर्ने छ ।

विभागले ‘व्यक्तिगत श्रम स्वीकृति लिने प्रक्रियासम्बन्धी निर्देशिका-२०६९’ अनुसार सो व्यवस्था लागू गरेको हो । व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारीमा जाने श्रमिकले राहदानीको प्रतिलिपि, सम्बन्धित सरकारबाट जारी प्रवेशाज्ञाको प्रतिलिपि, रोजगार सेवा, शर्त, सुविधा र तलब (पारिश्रमिक) स्पष्ट उल्लेख भएको करार वा सम्झौतापत्रको प्रतिलिपि दूतावासमा पेश गर्नुपर्नेछ । रोजगारदाताको इजाजत दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्पोन्सरको परिचयपत्रको प्रतिलिपि, रोजगारदाता कम्पनीको ट्रेड लाइसेन्सको प्रतिलिपि वा निजी कामदारको हकमा रोजगारदाताको राहदानी वा परिचयपत्रको प्रतिलिपि, संस्थामा जाने कामदारका हकमा कम्पनीको संक्षिप्त विवरण र गन्तव्य मुलुकको सरकारले रोजगारादता संस्थालाई वा स्पोन्सरलाई दिएको पत्र स्वीकृतिपत्र पेश गर्नुपर्ने विभागले जनाएको छ ।

विभागले आगामी वैशाख २ गतेदेखि संस्थागत श्रम स्वीकृति (म्यानपावर

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## निगमको साउदीमा नियमित उडान

**काठमाडौं/मस–** नेपाल वायुसेवा निगम नेपाल एयरलाइन्सले वैशाख दोश्रो हप्तादेखि ठूलो संख्यामा नेपाली कामदार वैदेशिक रोजगारीमा जाने साउदी अरेबियामा नियमित उडान शुरु गर्ने भएको छ । पहिलो पटक नेपाल एयरलाइन्सले आगामी ९ वैशाखदेखि साउदी अरबको राजधानी रियादमा नियमित उडान गर्न लागेको बताएको छ ।

नागरिक उड्डयन प्राधिकरणले नेपाल एयरलाइन्सलाई काठमाडौं-रियाद-काठमाडौं सेक्टरमा नियमित उडान शुरु गर्न अनुमति दिएपछि नेपाल एयरलाइन्स उडानको तयारीमा लागेको बताएको छ ।

नेपाल एयरलाइन्सले साउदी अरबको रियाद, दमाम तथा जेद्दामा उडान गर्न

– बाँकी पृष्ठ २ मा

नयाँ वर्ष
२०७९ को
हार्दिक मंगलमय
शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा
लिएर आउने
नयाँ वर्ष २०७९
को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका
साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा
सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं
समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
बाबुलाल मगर (नरेन्द्र)
म्यानेजिङ डाइरेक्टर/सिइओ
तथा
The Global द ग्लोबल रिक्रुटमेण्ट एजेन्सी प्रा.लि.
परिवार
बसुन्धारा -१०, टोखा काठमाडौं, नेपाल, फोन: ०१-४९६५२६४

# निर्वाचन आचारसंहिता प्रतिकूलका सामग्री सम्प्रेषण नगर्न काउन्सिलको अपिल



**काठमाडौं/मस-** प्रेस काउन्सिल नेपालले स्थानीय तहको निर्वाचनमा पत्रकार आचारसंहिता, निर्वाचन आचारसंहिता, २०७८ को ख्याल गर्दै आ-आफ्नो सञ्चार माध्यमबाट स्वतन्त्र भूमिका खेल्न अपिल गरेको छ। काउन्सिलले बुधबार एक अपिल जारी गर्दै कुनै दल तथा उम्मेदवारलाई होच्याएर वा गुणगान गाएर, पक्ष वा विपक्षमा समाचार प्रकाशन/प्रसारण नगर्न/नगराउन ध्यानाकर्षण गराएको हो।

निर्वाचनको समयमा बढी संवेदनशील र सन्तुलित भई समाचार, विचार, विज्ञापन, सम्प्रेषण गर्नुपर्ने भन्दै काउन्सिलले गलत समाचार, दुष्प्रचार र घृणास्पद अभिव्यक्तिहरू सम्प्रेषण हुन नदिन सञ्चार माध्यम तथा पत्रकारलाई सजग गराएको छ। काउन्सिलले सामाजिक सञ्जालमार्फत् यो वा त्यो दल र दलका उम्मेदवारको प्रचार-प्रसारलाई अतिरञ्जना नगर्न/नगराउन सञ्चार माध्यम, पत्रकार, सञ्चारकर्मी, सामाजिक सञ्जालका प्रयोगकर्ताहरूमा अपिल गरेको छ।

उपप्रशासकीय अधिकृत (सूचना अधिकारी) रामशरण बोहराद्वारा जारी अपिलमा २०७९ वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा पत्रकार आचारसंहिता लगायत निर्वाचन आचारसंहिता पालना भए/नभएको अनुगमन गर्नका लागि विशेष अनुगमन कार्यक्रम सञ्चालन भएकाले सचेत हुन भनिएको छ।

पत्रकार आचारसंहिता एवं निर्वाचन आचारसंहिता उल्लङ्घन भएको पाइएमा जानकारी गराउन काउन्सिलले सबैमा अनुरोध गरेको छ। काउन्सिलले स्थानीय तह निर्वाचनको मिडिया अनुगमन सुक्ष्म ढंगले गरिरहेको छ।

# एनआरएनए कतारद्वारा आप्रवासी कामदारलाई खाना

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ३० चैत



गैरआवासीय नेपाली संघ (एनआरएनए) कतार सामाजिक काममा निरन्तर लागि परेको पाइन्छ। एनआरएनए कतारले इस्लामिक धर्मावलम्बीहरुको पवित्र महिना रमदानको अवसरमा इफ्तारी (खाना) वितरण गरी आफ्नो सामाजिक गतिविधिलाई निरन्तरता दिइरहेको छ।

कतारको परोपकारी संस्था कतार च्यारिटीद्वारा पवित्र महिना रमदानको अवसरमा व्रत बसेका आप्रवासी श्रमिकहरूलाई इफ्तारी उपलब्ध गराउने कार्यक्रम अन्तर्गत प्राप्त इफ्तारीलाई एनसीसी कतारको समन्वयमा कतारमा रहेका नेपाली कामदारहरू बस्ने ठुला क्याम्पहरूमा वितरण गरिएको हो। एनसीसी कतारले गत जनवरीमा एक सूचना जारी गरी इफ्तारिको आवश्यक पर्ने ठूला साना सबै क्याम्पका इस्लामिक बन्धुहरूलाई विवरणसहित इमेल गर्न आह्वान गरेको थियो। प्राप्त इमेल, फोन कललगायतका आधारमा एनसीसीका स्वयंसेवकहरू क्याम्पहरूमा पुगेर इफ्तारी बाँडिरहेको संघका अध्यक्ष मोहमद मुक्तदा मुसलमानले मध्यान्हलाई जानकारी दिए। उनले दैनिक ८९० जनाले इफ्तारी पाइरहेको बताए। रमदान पवित्र तथा पुण्यको महिना भएकोले इस्लाम धर्मावलम्बी बाहेकका सबै अन्य नागरिकहरूलाई पनि इफ्तारी वितरण गरिएको बताए।

संघका महासचिव पदम गिरीका अनुसार एनसीसी कतारले हरेक दिन इफ्तारी बाँड्न फरक-फरक व्यक्तिलाई जिम्मेवारी प्रदान गरेको छ। उनले २ अप्रिलदेखि इफ्तारी वितरण गर्न शुरु गरिएको बताए। गिरीले इफ्तारी वितरण कार्य रमदानको पूरा महिना चल्ने हुँदा बाँकी दिनहरूमा स्वयं सेवा गर्न चाहने संघसंस्था, व्यक्ति कोही इच्छुक भए एनसीसी कतारसँग सम्पर्क गरी इफ्तारी वितरणमा सहयोग पुर्‍याउन समेत आग्रह गरेका छन्।

## दुई प्रमुख प्रशासकीय अधिकृतसहित ८ जनाविरुद्ध मुद्दा

**कैलाली/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कैलालीको गोदावारी नगरपालिका तत्कालिन दुई जना प्रमुख प्रशासकीय अधिकृतसहित आठ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। विभिन्न १३ वटा सडकमा गुणस्तरहीन काम हुँदा पनि भुक्तानी दिएको भन्दै अख्तियारले बुधबार विशेष अदालतमा मुद्दा दायर गरेको हो।

निर्धारित शर्त तथा मापदण्डविपरीत निर्माण कार्य गराइएको प्रतिवेदन अनुसन्धान गर्दा प्रमुख प्रशासकीय अधिकृत खेमराज बिष्ट र देवराज जोशीले प्राविधिकको कार्यक्षेत्रमा प्रवेश गरी गलत तथा गुणस्तरहीन कार्यको नापी किताबमा समेत सहमति जनाएको खुलेको अख्तियारले जनाएको छ। यस्तै इन्जिनियर र सबइन्जिनियरले गुणस्तरहीन कार्य गराई, नापी किताबमा वास्तविक कार्यभन्दा बढी परिमाण उल्लेख गरी मूल्यांकन गरेको खुलेको अख्तियारले जनाएको छ। साथै निर्माण व्यवसायीले गुणस्तरहीन कार्य र बढी भुक्तानी लिई सरकारलाई हानिनोक्सानी पुर्‍याई भ्रष्टाचार गरेको अख्तियारको दाबी छ।

तत्कालिन प्रमुख प्रशासकीय अधिकृत विष्टले ३६ लाख ९१ हजार ९ सय २२ रुपैयाँ र तत्कालिन प्रमुख प्रशासकीय अधिकृत देवराज जोशीले ८२ लाख १४ हजार दुई सय २९ रुपैयाँ भ्रष्टाचार गरेको अख्तियारको दाबी छ। यस्तै सब-इन्जिनियर भण्डारीले २५ लाख १० हजार चार सय ५७ रुपैयाँ, नरेन्द्र शाहीले १७ लाख ५६ हजार पाँच सय १९ रुपैया, राजेन्द्र भण्डारीले ३६ लाख सात हजार एक सय ३९ रुपैयाँ, ल्याव टेक्निसियन धनबहादुर विष्टले ७४ लाख ४१ हजार आठ सय ५५ रुपैयाँ र निर्माण व्यवसायी डम्बर चन्दले ८२ लाख १४ हजार दुई सय २९ रुपैयाँ भ्रष्टाचार गरेको पुष्टि भएको आयोगले जनाएको छ।

## करिब २१ हजार लालपूर्जा वितरण

**काठमाडौं/मस-** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री शशि श्रेष्ठले पछिल्लो चार महिनामा करिब २१ हजार लालपूर्जा वितरण गरिएको बताएकी छन्।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) काठमाडौं महानगरपालिका-१३ को सम्पर्क कार्यालय उद्घाटनका क्रममा मन्त्री श्रेष्ठले भूमिहीनलाई प्रक्रिया पुर्‍याएर छिट्टै जग्गा वितरण गरिने र अव्यवस्थित बसोबासलाई व्यवस्थापन गरिने बताइन्। मुलुकको समृद्धिका लागि कृषि उत्पादनको ठूलो महत्व रहेकाले कृषियोग्य जमिनलाई चक्लाबन्दी गरिने योजना रहेको उनको भनाइ थियो।

नव वर्ष २०७९
को सुखद अवसरमा
स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायु तथा उत्तरोतर प्रगतिको शुभकामना व्यक्त गर्दछौं।
रेशमराज लामिछाने
अध्यक्ष, तथा
फिस्टेल ओभरसिज प्रा. लि.
परिवार
सामाखुसी-१०, काठमाडौं, फोन: ४३८६३८२

UAE मा रोजगार | कम्पनी: AL NAJMA AL FAREEDA INTERNATIONAL BUILDING MAINTENANCE LLC शहर : DUBAI

पूर्व स्वीकृत मिति: २०७८/१२/३० चलानी नं.: ६०१७७५१२ L.T. No.: 261638

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | दैनिक काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 80 | 50 | [illegible] | 900 | २९,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ वैशाख ८ गते (21 April 2022) मा हुनेछ।

अल जराफा ह्युमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.
सिनामंगल, (NIC Asia Bank सँगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८,
मोबाईल नं.: ९८१८५१०५३३, ९८१८०६००५७, ९८१८३८१२७८, ९८१३५३५३९७

## वेलवारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वेलवारी, मोरङ
प्रदेश नं.१, नेपाल

**नयाँ वर्ष २०७९ सालको उपलक्ष्यमा आम नगरबासी, आमा–बुवा, दाजु–भाई, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु–स्वास्थ्य, उन्नत्ति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।**
**साथै वेलवारी नगरपालिकाद्वारा नगरबासीहरुलाई उपभोक्ता हित संरक्षणमा जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं।

## मध्यनेपाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना**

१) गर्मीयाममा अपनाउनुपर्ने कुराहरु
क) सडेगलेका बासी खानेकुराहरु नखाऔं।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं।
ग) घरवरिपरि सफा राखौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं।
२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु
क) नियमित स्वास्थ्य जाँच गरौं।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं।
३) झाडापखालाबाट बच्न निम्न उपायहरु अपनाऔं
क) चर्पीमा मात्र दिसापिसाब गर्ने, बच्चाको दिसापिसाब पनि चर्पीमा नै बिसर्जन गरौं।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धोऔं।
ग) बासी, काँचो र सडेगलेको खानेकुरा नखाऔं।
घ) आफ्नो घर र आँगन सफा राखौं।

नव वर्ष २०७९ को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायू तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं।

## मर्स्याङ्दी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**गाउँपालिका बासीमा स्वास्थ्य सम्बन्धी सचेतना**

१) गर्मीयाममा अपनाउनुपर्ने कुराहरु
क) सडेगलेका बासी खानेकुराहरु नखाऔं।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं।
ग) घरवरिपरि सफा राखौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं।
घ) समय समयमा स्वास्थ्य परिक्षण गरौं।
२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु
क) नियमित स्वास्थ्य जाँच गरौं।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं।
३) झाडापखालाबाट बच्न निम्न उपायहरु अपनाऔं
क) चर्पीमा मात्र दिसापिसाब गर्ने, बच्चाको दिसापिसाब पनि चर्पीमा नै बिसर्जन गरौं।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धोऔं।
ग) बासी, काँचो र सडेगलेको खानेकुरा नखाऔं।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
ङ) आफ्नो घर र आँगन सफा राखौं।

नव वर्ष २०७९ को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायू तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं।

## बेसीशहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना**

१) गर्मीयाममा अपनाउनुपर्ने कुराहरु
क) सडेगलेका बासी खानेकुराहरु नखाऔं।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं।
ग) घरवरिपरि सफा राखौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं।
२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु
क) नियमित स्वास्थ्य जाँच गरौं।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं।
३) झाडापखालाबाट बच्न निम्न उपायहरु अपनाऔं
क) चर्पीमा मात्र दिसापिसाब गर्ने, बच्चाको दिसापिसाब पनि चर्पीमा नै बिसर्जन गरौं।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धोऔं।
ग) बासी, काँचो र सडेगलेको खानेकुरा नखाऔं।
घ) आफ्नो घर र आँगन सफा राखौं।

नव वर्ष २०७९ को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायू तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं।

## सोताङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सोताङ, सोलुखुम्बु
प्रदेश नं. १, नेपाल

**स्वास्थ्य सम्बन्धी गाउँपालिका बासीमा सचेतना**

१) गर्मीयाममा अपनाउनुपर्ने कुराहरु
क) सडेगलेका बासी खानेकुराहरु नखाऔं।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं।
ग) घरवरिपरि सफा राखौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं।
घ) समय समयमा स्वास्थ्य परिक्षण गरौं।
२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु
क) नियमित स्वास्थ्य जाँच गरौं।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं।
३) झाडापखालाबाट बच्न निम्न उपायहरु अपनाऔं
क) चर्पीमा मात्र दिसापिसाब गर्ने, बच्चाको दिसापिसाब पनि चर्पीमा नै बिसर्जन गरौं।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धोऔं।
ग) बासी, काँचो र सडेगलेको खानेकुरा नखाऔं।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
ङ) आफ्नो घर र आँगन सफा राखौं।
४) ६० वर्ष भन्दामाथिका वृद्धवृद्धाहरुले अपनाउनुपर्ने कुराहरु
क) समय समयमा निःशुल्क स्वास्थ्य जाँच गरौं।
ख) मधुमेह र उच्चरक्तचापको नियमित परिक्षण गरौं।

नव वर्ष २०७९ को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायू तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं।

**बिर बहादुर राई**
अध्यक्ष

## Patan Municipality
## Office of Municipal Executive
**Patan,Baitadi,**
**SudurpaschimProvince,Nepal**

**Invitation for Electronic Bid For Following Works**

**First Date of Publication: 2078/12/30 (13 April 2022)**

1. Procurement Supply and Delivery of 4WDAmbulance"B Category" : Re-Tender for 7 Day
2. Supplying And Fitting Of Electromagnetic Part of surnaya jolabaj Lift Irrigation Project Phase I part 2 Ward No.04

| S. N | IFB No. | Cost of Bid Documents | Bid Security Amount | Last Date of Bid Submission | Date of Bid Opening | Estimated Amount with VAt |
|---|---|---|---|---|---|---|
| 1 | SUPPLY/ PTNMUN/ SQ/A/03/ 2078/79 | Nrs.1,000.00 | Nrs. 70,000.00 | 2079/01/07 B.S Time upto 12:00 Hrs. | 2079/01/07B.S Time upto 14:00 Hrs. | 25,50,000.00 |
| 2 | NCB/ PTNMUNGP-03/2078/79 | Nrs.3,000/00 | 1,00,000.00 | 2079/02/01 Time Upto 12:00 Hrs. | 2079/02/01 Time Upto 14:00 Hrs. | 45,42,285.00 |

**Name of the Bank:** Agricultural Development Bank Ltd, Patan Sakha **Name of Office:** Patan Municipality Office **Office Account no.:** 0823901302454178 ( For Bid Doc.Fee ) & 0823901302454021 ( For Bid Security Deposit) Office Code No.: 801077402

For further Detail and Information ,Please Visit www.bolpatra.gov.np/egp and Municipality Office www.patanmun.gov.np,Office contact no.095-400117 (ptnmun@gmail.com)

**Chief Administrative Officer**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१ वैशाख २०७९, बिहीबार
14 April 2022, Thursday

## सम्पादकीय

# समीक्षा अनि संकल्प !

आज नयाँ वर्ष २०७९ । बितेको वर्षलाई विदाइ गरी आजबाट नयाँ वर्ष शुरू भएको छ । यसपटक बितेका वर्षहरू भन्दा भिन्न तरिकाले नयाँ वर्षको उत्सव मनाइदैछ । बितेका दुई साल नयाँ वर्ष मनाउने अवस्था समेत थिएन । २०७६ माघबाट कोरोना महामारीको संक्रमण नेपालमा पनि पुष्टि भएको थियो । उत्तरी छिमेक चीन भएर विश्वभर महामारीको रूप लिएको कोरोना संक्रमण नेपालमा समेत पुष्टि भएपछि सरकारले देशब्यापी लकडाउन गरेको थियो । ११ चैत २०७६ देखि सरकारले कडा लकडाउन गरेकाले जीवन रक्षाको चिन्ता मुलुकब्यापी थियो । हरेक नागरिकलाई रोग र भोकबाट बच्नुपर्ने त्रासदीपूर्ण परिस्थिति थियो । त्यसैले नयाँ वर्षको उत्सव बितेका दुई साल मनाउने अवस्थै बनेन । तर भर्चअल माध्यमबाट भएपनि शुभकामना आदान–प्रदान भयो । नागरिकको जीवन रक्षा नयाँ वर्षको संकल्प बन्न पुग्यो ।

यसपटक भने मुलुक सामान्य अवस्थामा छ । कोरोना महामारीविरूद्ध  खोप अधिकांश नागरिकले लगाएका छन्, अझै पर्याप्त भने हुन सकेको छैन । तर अघिल्ला वर्षहरूको तुलनामा यसपटक सामाजिक गतिविधि खुला छ । महामारीको चिन्ता त हुने नै भयो, तर भय छैन । त्यसैले खुलेर नयाँ वर्ष मनाइदैछ । यो आफैमा ठूलो उपलब्धि हो । लामो समयको लकडाउन र निषेधाज्ञाकै क्रममा स्वतन्त्रताको अर्थ हामीले बुझिसकेका छौं । तर स्वतन्त्र भएर गतिविधि गर्न पाउनुमा मात्रै नयाँ वर्षको संकल्प पूरा हुँदैन ।

सामाजिक समृद्धि र गतिशिलता समाज विकासको प्राकृतिक नियम हो । अतः भइरहेको सामाजिक सम्बन्ध र गतिशिलतामा थप सुधार निरन्तर कार्य हो । त्यो निरन्तरता नयाँ वर्षको स्वभाविक संकल्प हो । बितेका दुई वर्षको कोरोना महामारी र मुलुकमा व्याप्त अन्य संक्रमणले आमनागरिकको जीवन पद्दति प्रभावित बन्न पुगेको छ । महामारीकै बीच दुई/दुई पटक प्रतिनिधि विघटन र पुनर्स्थापनाको दुष्चक्र भोगेका छौं । पाँच वर्षे जनमत प्राप्त सरकार ४० महिनामै च्यूत भएर गठबन्धनको सरकार बनाउनुपर्ने परिस्थिति निर्माण भएको छ । राज्य शक्ति सन्तुलन बिगार्नेगरी गतिविधि भएका छन् । यसरी प्राकृतिक र कृतिम समस्याले निम्त्याएको संकटबाट नागरिक व्यक्तिगत जीवनमा समेत असर परेको छ । यी सबै समस्याबाट फेरि सामान्य अवस्थामा फर्कने र बिगतका गल्ती नदोहोऱ्याउन संकल्प हरेक क्षेत्रबाट गर्न जरूरी छ । समीक्षा नगरी सुधार हुन्न । नयाँ वर्ष २०७९ को शुभकामना !

# व्यवस्थालाई सच्याउन चुनावको प्रयोग

*आफैँ चुनावमा भाग लिने बाटो खोल्ने अनि भाग लिनेलाई कारबाही पनि गर्छौं भन्ने यो कस्तो अवैज्ञानिक तर्क हो ? अन्य राष्ट्रवादी समूहलाई चुनावमा सहयोग गर्छौं भन्न सक्ने तर, पार्टीभित्रका सदस्य उठे कारबाही गर्छौं भन्ने यो कुन तर्क हो ? निर्णय वा सहमतिमा इमानदारीता देखिनुपऱ्यो । यी व्याख्याहरूमा संगती छैन ।*

अग्रलेख



● विष्णु पन्त

### चुनाव उपयोगबारे प्रश्न

संसदीय व्यवस्थाविरूद्धको निर्णायक संघर्षको मोडालिटी वा रूपरेखाका बारेमा घनिभूत बहसहरू भएका छन् । आज श्रमजीवी र राष्ट्रवादी वर्गले जित्ने कार्यनीतिको बारेमा बहस गर्नुपर्ने भएको छ । खाली परम्परागत ढंगले सोंचेर अनि समस्याहरू मात्र थुपारेर क्रान्तिकारी हुन सजिलो छ तर, परिणाम ल्याउने क्रान्ति आजको आवश्यकता बनेको छ । आजको आवश्यकता हो परम्परागत संसदीय चुनावमा पनि जनतालाई विकल्प पेश गर्ने । सरकार वा राज्यले चुनाव गर्ने नै भएपछि हामीले पनि या त बहिस्कार या त प्रयोग गर्नैपर्छ । अहिले हामीले सशक्त बहिस्कार गर्न सक्ने अवस्था छैन, त्यसकारण सशक्त प्रयोगको नीति बनाउनु आजको सही बाटो हो । संसदीय व्यवस्थाको अन्त्यका लागि चुनावको प्रयोग गर्ने महासचिव नेत्रविक्रम चन्द 'विप्लव'को संश्लेषण सही छ ।

आजको दिनमा बहिष्कारको कार्यनीतिले विरोधीलाई बलियो, सुद्धढ र सुरक्षित बनाउँछ भने प्रयोगको कार्यनीतिले उनीहरूलाई कमजोर बनाउँछ । आजको परिस्थितिमा बहिष्कारको नीति लिँदा क्रान्तिलाई हैन प्रतिक्रान्तिलाई मात्रै फाइदा पुग्छ । हामीले बहिष्कार गर्दा वर्ग विरोधीहरू खुसी हुन्छन्, यो आजको सत्य हो । "वर्ग संघर्षमा आफ्नो वर्गलाई जिताउने बाटोको अबलम्बन गर्नुपर्छ" भन्ने संश्लेषण मनन् योग्य छ । आफ्नो वर्गलाई कमजोर बनाउने कार्यनीति गलत हुन्छ । वर्ग संघर्षमा आफ्नो वर्गको सुझावलाई पनि मध्यनजर गर्न सक्नुपर्छ । संसदीय चुनावलाई पनि व्यवस्थाकै अन्त्य गर्ने नयाँ हतियारका रूपमा प्रयोग गर्ने विप्लवको नयाँ संश्लेषण हो । यो प्रयोग परम्परागत प्रयोग हैन र पलायन वा पतन हैन ।

सत्य त यो पनि हो कि वैशाख ३० सम्म मात्र क्रान्तिकारी भएर त हुँदैन । त्यसपछि पनि हुनुपर्ने होला । पार्टीलाई अराजकता तिर धकेल्न हुँदैन । केन्द्रीय समितिको निर्णयमा बहिष्कार कहाँ छ ? प्रयोगको बाटो खोलिदिएको छ । विप्लवले भन्नु भएको छ, "इतिहासको व्याख्या गर्न सजिलो हुन्छ तर, भविष्यको अनुमान गर्न गाह्रो हुन्छ ।" क्रान्ति भनेको बहस पनि हो र फलामे अनुशासन पनि हो । कम्युनिष्ट पार्टी बनाउने बहसको व्यवहारिक रूपान्तरण खोइ ? नेतृत्वको प्रतिबद्धता जनाइसकेको छ कि यो पतन वा आत्मसमर्पणको बाटो हैन संघर्षको बाटो हो । बहस हुनासाथ आफूले भनेजस्तो नभए मैदान छोड्छु भन्ने संकीर्णतालाई रूपान्तरण गर्न सक्नुपर्छ । यो नयाँ प्रयोग हो र यसको परिणाम के हुन्छ, त्यो पनि हेर्ने धैर्यता गरौं । जब यो तत्कालिक र कार्यनीतिक विषय हो भने यसलाई रणनीतिकै रूपमा अपव्याख्या र अनुमान किन ? हो बहसका क्रममा उठेका सबै तर्क, बहस र विचारहरू पार्टीका पूँजी हुन् र समयको क्रममा तिनीहरूको समीक्षा हुँदै जाने छ । पार्टीले त जे गर्दा आफ्नो वर्ग र क्रान्तिलाई फाइदा पुग्छ, त्यही गर्ने हो । परम्परागत ढंगले मात्र क्रान्ति हुँदैन, यो त ध्रुवसत्य जस्तै हो । अलिकति नयाँ कदम सोंच्यो कि पुरै आशंका र अवरोध गर्ने चिन्तनलाई बदल्नु पर्छ ।

### आन्दोलनको रक्षा र विकासको प्रश्न

आजको आवश्यकता हो शक्तिशाली नेतृत्व र अनुशासित पार्टी । बहस र छलफललाई स्वस्थ, मर्यादित, सभ्य र मैत्रीपूर्ण बनाउनु पर्दछ । आज हाम्रो नेतृत्वमाथि चौतर्फी हमलाहरू भएका छन् । मेरो विचारमा नेतृत्वमाथि भएका प्रहारहरू या त अज्ञानता हुन् या त षडयन्त्र । अज्ञानताहरू क्षम्य हुन्छन् भने षडयन्त्रहरू क्षम्य हुँदैनन् । षडयन्त्रको प्रभावमा कोही पनि पार्टी सदस्य पर्ने हुँदैन । केही त्रुटीहरू आवेगजन्य हुन्छन् त केही नीच जन्य/हरेक आन्दोलनमा दुई वटा अति हुन्छन् - एउटा आक्रोश र अर्को घुसपैठ । घुसपैठहरूले आन्दोलन विथोल्नका लागि ढुंगा हान्छन् । पार्टीले लड् भन्दा लड्दैनन् तर, नलड् भन्दा लड्छु भन्छन् । आजको मुख्य प्रश्न नेतृत्व र विचारको रक्षा अनि विकासको प्रश्न हो ।

विप्लवको जन्म प्रतिक्रान्तिका विरूद्ध क्रान्तिको निम्ति भएको हो । प्रतिबन्ध, ३ बुँदे सहमति र चुनावको प्रयोगका कदमहरूमा एउटा संगती छ । ३ बुँदे सहमतिमा देखाएको कुशलता उच्च प्रकारको छ र त्यसलाई उपलब्धीका रूपमा संश्लेषण गर्न सक्नुपर्छ । हिजो प्रतिबन्धको बेलामा नेतृत्वलाई भौतिकरूपमै सिध्याउने षडयन्त्रहरू भएका थिए भने आज राजनीतिक रूपमा सिध्याउने हमलाहरू भएका छन् । पार्टीभित्र पनि त्यसका प्रभावहरू देखिनु हुँदैन । अविश्वास र आशंकाहरूलाई धेरै बढ्न दिनु हुँदैन । आफैँ चुनावमा भाग लिने बाटो खोल्ने अनि भाग लिनेलाई कारबाही पनि गर्छौं भन्ने यो कस्तो अवैज्ञानिक तर्क हो ? निर्णय वा सहमतिमा इमान्दारीता देखिनुपऱ्यो । अन्य राष्ट्रवादी समूहलाई चुनावमा सहयोग गर्छौं भन्न सक्ने तर, पार्टीभित्रका सदस्य उठे कारबाही गर्छौं भन्ने यो कुन तर्क हो ? यी व्याख्याहरूमा संगती छैन । बाहिर उदारता तर, भित्र अनुदारता र आंशका किन ? के यस्तो चिन्ततले नेतृत्वको विकास हुन्छ त ? त्यसकारण यस्ता कमजोरीलाई सच्याएर महासचिवको सहयोगी वा पूरक बन्नु सबैको बुद्धिमता हुनेछ ।



*संसदीय व्यवस्थाविरूद्धको संघर्षलाई थप उचाइमा पुऱ्याउने उद्देश्यका लागि चुनाव उपयोगको निर्णय भएको हो । सबै क्रान्तिकारी, प्रगतिशिल, देशभक्त र सच्चा लोकतन्त्रवादी शक्तिहरूलाई धुव्रीकरण गर्ने उद्देश्यका लागि पनि चुनावमा जानु परेको हो । त्यसकारण चुनावलाई प्रयोग गर्नासाथ संसदीय व्यवस्थालाई स्वीकार्ने काम भयो भन्ने भ्रम छर्नु हुँदैन ।*

### नेतृत्वको सम्बन्ध

चुनावको विषय सानो विषय हो तर, यसको अपव्याख्या ठूलो भयो । खासमा पार्टीलाई बलियो र सृदृढ बनाउने कार्यनीति आजको आवश्यकता हो । क्रान्ति गर्छु भन्ने तर, पार्टीलाई कमजोर बनाउने गल्ती हुँदैन । खासगरी एमसीसी सम्झौता पछि नेपालमा विदेशी हस्तक्षेप तिव्र बन्दैछ । हस्तक्षेप र षडयन्त्रका क्रममा थुप्रै नयाँ-नयाँ लडाइँ र मोर्चाहरूको आवश्यकता पर्न सक्छ । बहुमत र अल्पमतका बहसहरूलाई हामीले बन्द गर्न सक्नुपर्छ । मुख्य निशासनामा पार्टी क्रान्ति र राष्ट्रियता भयो भने सबै समाधानमा एकरूपता आउँछ । लडाईंको मोर्चामा व्यक्तिगत स्वार्थहरूलाई केन्द्रमा राख्नु हुँदैन । एक अर्काको सम्मानको संस्कृतिलाई विकास गर्नुपर्छ । सबै मिलेर महासचिवलाई शक्तिशाली बनाउनुपर्छ । व्यक्तिलाई हैन संस्थालाई मजबुत गराउनेतर्फ हामीले सोच्नुपर्छ । महासचिव, प्रवक्ता, सचिवालय, केन्द्रीय समिति पार्टीका संस्थापकहरू हुन् । हामीले विकास गरेको सामूहिक नेतृत्व प्रणालीको अभ्यास हो । नीति बनाउन अनि व्याख्या गर्न सजिलो हुने तर, अभ्यास कार्यान्वयन गर्न किन गाह्रो हुने ? आजको आवश्यकता सोपान क्रमको आधारमा नेतृत्वमाथि विश्वास र सम्मान गर्नु हो । विरोधीसँगको लडाईंमा नेतृत्वको एकता आजको आवश्यकता हो । चुनावी कार्यनीतिको विषयमा धेरै ठूलो विवाद गर्नुपर्ने विषय नै थिएन । सुरूमै एकरूपताको साथ प्रस्तुत भएको भए बुद्धिमतापूर्ण हुने थियो । फरक मत आएकै छैन र केवल प्रश्न मात्र उठेका छन् । फरक मत नै नआइकन बहुमत र अल्पमतका अपव्याख्याहरू गर्ने अधिकार हुँदैन । त्यसकारण नेतृत्वको हिसावले महासचिवलाई सहयोग र समर्थन गर्नु सबैको दायित्व हो ।

### नेतृत्वलाई चिनौं

मुलतः विप्लवको नेतृत्वमा नेकपा पार्टीको पुर्नगठन भएको हो । यो पार्टी सबै क्रान्तिकारीहरूका लागि खुल्ला पनि छ । आउने जाने क्रम चलिरहन पनि सक्छ तर, भित्र पसेर पार्टीलाई नै ध्वशं गर्ने षडयन्त्र स्वीकार्य हुँदैन । बस्न सकिँदैन वा विचार मिलेन भने शिष्टटापूर्वक बर्हिगमन हुने छुट सबैलाई हुन्छ । जहाँ गयो भाँडभैलो गर्ने संस्कारलाई त्याग्नुपर्छ । गलत वा सही जे निर्णय भए पनि मानेर जानु पार्टी पद्धती हो । परीक्षण वा अभ्यासमै नगई कुनै पनि निर्णय सही वा गलत प्रमाणित हुँदैन । त्यसकारण हाम्रो पार्टीको जीवनमा बहिष्कारको अभ्यास धेरै पटक भएको छ । अहिले प्रयोगको निर्णय भएको छ र यो परीक्षणका क्रममा छ । हिजो जस्तै एकताबद्धरूपमा प्रयोगमा हामफाल्नु बुद्धिमानी हुन्छ । सही वा गलत जे भएपनि त्यसको समीक्षा र संश्लेषण भविष्यमा हुने नै छ । इतिहास वा विगतको आधारमा आफ्ना धारणा नबनाउ । नेपालीमा एउटा उखान छ 'ओगुल्टाले हानेको कुकुर बिजुली चम्किँदा तर्सिन्छ । हामीमा नहौं र ओगुल्टा र विजुलीको भेद छुट्याउन सकौं । नेपाली राजनीतिमा प्रचण्डले गरेको गल्तीसँग विप्लवलाई तुलना नगरौं ।

### चुनाव उपयोगको नीति

दलाल संसदीय व्यवस्थाविरूद्धको संघर्षलाई थप उचाइमा पुऱ्याउने उद्देश्यका लागि चुनावको प्रयोगको निर्णय भएको छ । सबै क्रान्तिकारी, प्रगतिशिल, देशभक्त र सच्चा लोकतन्त्रवादी शक्तिहरूलाई धुव्रीकरण गर्ने उद्देश्यका लागि पनि चुनावमा जानु परेको हो । त्यसकारण चुनावलाई प्रयोग गर्नासाथ संसदीय व्यवस्थालाई स्वीकार्ने काम भयो भन्ने भ्रम छर्नु हुँदैन । उद्देश्य स्पष्ट भएन भने बहिस्कारले पनि संसदवादमा फसाउँछ । उद्देश्यमा प्रष्ट भएमा प्रयोगबाट पनि संघर्ष र प्रतिरोध हुन्छ । फेरि पनि यो तत्कालीक र कार्यनीतिक प्रश्न हो । एकरूपताका साथ विषयलाई बुझौं । वस्तुलाई ढिला बुझ्नु, नबुझ्नु बराबर हुन्छ । सचेततापूर्वक सबै एकढिक्का भएर चुनावलाई प्रयोग गरौं ।

*(लेखक पन्त नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाका नेता हुन् ।)*

## सामाजिक सञ्जाल



**- निर्मल प्रसाइँ**

चुनाव निष्पक्ष र मितव्ययी बनाउने निर्वाचन आयोगले दाबी गरेको छ । तर, चितवनका प्रमुख निर्वाचन आयुक्तले बिरामीको बहानामा मैदान छोडिसके । आयोगलाई अनुरोध, भरतपुरमा मात्रै पारदर्शी चुनाव गराउन सफल हुनुहोस्, अनि मानौंला !



**- विनोद न्यौपाने**

लाख, करोड लाग्ने चुनाव खर्चमा महिलाहरू र दलितहरू आउन अझै गाह्रो हुने देखियो । गठबन्धनको नेतृत्व तहको क्षमता बाहिर उमेदवार छनौट छ प्रष्ट देखियो । व्यवस्थापकीय क्षमतालाई उमेदवार छनौटको प्राथमिकतामा राखिएको देखिएन ।



**- प्रेम घर्ती मगर**

विद्युत प्राधिकरण सरकारी संस्थान हो । निर्वाचन आयोगले हालै निर्वाचन आचारसंहिता जारी गर्दै सरकारी कर्मचारीले कुनै राजनीतिक दल वा उम्मेद्वारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचार प्रसार गर्न बन्देज लगाएको छ । तर, माओवादीले पोस्टरमा कुलमान घिसिङ्गलाई किन प्रयोग गऱ्यो ?



**- नारायण वाग्ले**

पहिलो चुनावमा ८० हजार, दोस्रोमा ३ करोड र तेस्रोमा ६ करोड खर्च भयो रे शशांक कोइरालाको । पहिलोपल्ट त जनताले नै जिताइदिने हुन् । दोस्रो पल्टदेखि राजनीति व्यापार हुने हो । चुनाव कम खर्चिलो पार्न धेरैपल्ट नउठ्ने व्यवस्था गरौँ ।



**- खगेन्द्र संग्रौला**

हिजो शाही दमनतन्त्रमा प्रचण्ड मण्डले भनेर चिनिएका कमल थापा सूर्य चिन्हमा चुनाव लड्ने रे ! यो राजावादी राप्रपाका कमल थापाको एमालेकरण हो कि एमालेमा जघन्य मण्डले प्रवृत्तिको संक्रमण हो ? कि मध्यबिन्दुमा दुई धर्मभीरू नश्लवादी दक्षिणपन्थीको मधुर मिलन हो यो ?

# नारा होइन व्यवहार

टिप्पणी



● मेघराज भट्टराई

म्यादी प्रहरीमा भर्ना हुनेको भिडले देखाउँछ, नेपालमा बेरोजगार कुन अवस्थामा छ । तपाईं बजारमा जानुस् किनमेल गर्न महँगीले छोइ नसक्नु अवस्था छ । गरीबी बेरोजगारीको वृद्धि यसरी बढेको छ की सुधुर पश्चिम नेपाल तिर त पुरै परिवार खान र लाउनकै लागि भारत पलायन हुन थालेका छन् ।

लामो समयदेखि नै नेपालबाट निर्यात ठप्प जस्तै छ । चीनसँग १०० रुपैयाँको सामान आयात गर्दा हामीले जम्मा ३९ पैसाको निर्यात गर्ने रहेछौं । यता भारतसँग १०० रुपैयाँको सामान खरिद गर्दा हामीले जम्मा ९ रुपैयाँको निर्यात गर्ने रहेछौं । बाँकी सबै हामीले खाडी मुलुकहरू र पश्चिमी मुलुकमा बेल्चा चलाएर पठाएको रेमिट्यान्सले यी दुई छिमेकी मुलुकको तरकारी, चामलदेखि जुत्ता, चप्पल, टोपी किनेर झिल्केबहादुर बन्दै कोही जन्मजात प्रजातन्त्रवादी त कोही अग्रगामी कमरेड, कोही राजावादी बन्दै फुइँ झार्दै हिँड्दै रहेछौं ।

यसपटकको प्रधानमन्त्रीको भ्रमणमा कोही कसैले अर्थतन्त्रको बारेमा कुरा गरेन । भारतसँग हुने खरबौं रुपैयाँको व्यापार घाटाबारेमा व्यापारी, उद्योगपती, कारोबारी कसैको आवाज सुनिएन । बरु चुच्चे नक्साको चर्चा तिर मोडाएर भारत भ्रमण सफल भयो की असफल भयो भनेर ध्यानाकर्षण अर्कोतिर लगेर मोडियो । अनि हामी गोर्खे राष्ट्रवादलाई भोको पेटमा यति तुरुक्क तीन पाने चुच्चे डोज दिएपछि बाँकी के चाहियो र ?

मान्छेको लागि आधारभूत आवश्यकता भनेको सबैभन्दा पहिला गाँस, बास र कपास हो । त्यसको लागि पहिलो काम मुद्रा बिनिमय अर्थात् कारोबार हो । कारोबार नै बिग्रेपछि सिधै असर पर्ने भनेको गाँस, बास र कपासमा हो । त्यसैले जुन देशमा कारोबार सफलतापूर्वक अगाडि बढेको छ, त्यो देशका जनता सूखी र सम्पन्न छन् । चाहे त्यो सक्रिय राजतन्त्र भएको साउदी अरब, कतार होस् वा अमेरिकाको अर्ध उपनिवेश भएको मान्ने मुलुक जापान दक्षिण र कोरिया होस् । चाहे लोकतन्त्र नभएको भन्ने एक दलीय चीन होस् । सबै देशको जनताले सूखी र समृद्ध जीवन भोगी रहेको छ ।

*धेरै भयो अधिकारको कुरा, थोत्रा राष्ट्रवादको कुरा ! अब सिधा-सिधा हात-मुख जोड्ने कुरा गरौँ । प्रत्येक नेतालाई, प्रत्येक पार्टीलाई सिधा प्रश्न राखौं : अघिल्लो सरकारले भन्दा तिम्रो सरकारले भारतसँग व्यापार घाटा कति घटायो ? अघिल्लो सरकारले भन्दा तिम्रो सरकारले निर्यात कति बढाएर आयातमा कम गऱ्यो ?*

आजका सम्पन्न एशियाली देशहरूले पहिला आधारभूत कुरालाई प्राथमिकता दिएका छन् । उनीहरुको प्राथमिकता गाँस, बास र कपास बनेको छ । जब हात-मुख नै जोड्ने अवस्था हुँदैन भने त्यो ढलेका कंगाल मुर्दालाई त्यसको सिरानीमा गणतन्त्र, राजतन्त्र, प्रजातन्त्र, संघीयता, मानव अधिकार महिला अधिकार, स्वायत्तता थरीथरीका थेसिस सिरानीमा राखेर अर्थ छ र ? खान नपाएर ढलेका कंकाललाई सबैभन्दा पहिलो उभिन त आखिर खाना नै चाहिन्छ । आज हामीलाई विदेशीहरुले यही पढाउँदै छन् ।

अधिकारको लागि भन्दै लड्ने हिजोको गुरिल्ला लडाकुहरु हात-मुख जोड्नकै निम्ति खाडीमा बेल्चा चलाउन बाध्य छन् । के तिनले ल्याएको भनेको अधिकार तिनले खाडीमा उपभोग गर्न पाएका छन् र ? आजको हाम्रो समस्या भनेको अधिकार हो की आधारभूत आवश्यकता हो ? यस्तै अधिकार त पश्चिमी मुलुकहरुले अफ्रिकी मुलुकमा पनि हुलिदिएको छ । सोमालिया, हैटी, बुरुणडीका तन्नम कंगाल जनताले पनि संघीय लोकतान्त्रिक गणतन्त्रका कागजी अधिकार त त्यहाँ पनि पाएकै छन् आधारभूत आवश्यकता पुरा गर्न नसकेपछि देश छोडेर विदेशमा शरणार्थी भएर भाग्दै छन् किन ?

अतः धेरै भयो यो अधिकारको कुरा, थोत्रा राष्ट्रवादको कुरा ! अब सिधा-सिधा हात-मुख जोड्ने कुरा गरौँ । प्रत्येक नेतालाई प्रत्येक पार्टीलाई सिधा प्रश्न राखौं । अघिल्लो सरकारले भन्दा तिम्रो सरकारले भारतसँग व्यापार घाटा कति घटायो ? अघिल्लो सरकारले भन्दा तिम्रो सरकारले निर्यात कति बढाएर आयातमा कम गऱ्यो ? अघिल्लो सरकारले भन्दा तिम्रो सरकारले विदेशी पर्यटक ल्याउन कति सफलता पायो ? अघिल्लो सरकारले भन्दा विदेशी मुद्रा सञ्चिति गराउन कति सफल भयो ? अघिल्लो सरकारले भन्दा तिम्रो सरकारले ऋण थाप्ने काम कति कम गऱ्यो ? सिधा नेपाली जनताको आधारभूत आवश्यकतालाई सम्बोधन गर्ने कुरा गरौं ।

यसैमा कुन सरकार सफल असफ़ल राष्ट्रवादी अराष्ट्रवादी भनेर मापन गरौं । जुन सरकारले विदेशी मुद्रा बढी सिञ्चित गऱ्यो, जुन सरकारले निर्यात बढाएर आयात घटाउने काम गऱ्यो, त्यही सरकारलाई, त्यही पार्टीलाई, त्यही नेतालाई खुंखार राष्ट्रवादी भनौं । क्रान्तिकारी भनौं । प्रगतिशील भनौं । प्रजातन्त्रवादी भनौं । माओवादी भनौं । जे-जे भन्नु पर्ने हो त्यही भनौं तर, मुद्दा आधारभूत आवश्यकतालाई सम्बोधन गर्नेको होस् न की सिरानीमा राख्ने आइडोलोजी मार्क्सवाद, राष्ट्रवाद, समाजवाद जस्ता अधिकारको गाउँखाने उखान !

# मिक्लाजुङ्ग गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**मधुमल्ला, मोरङ**
**प्रदेश नं.१, नेपाल**

**नयाँ वर्ष २०७९ सालको उपलक्ष्यमा आम गाउँबासी, आमा–बुवा, दाजु–भाई, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु–स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । साथै मिक्लाजुङ्ग गाउँपालिकाद्वारा गाउँबासीहरुलाई उपभोक्ता हित संरक्षणमा जारी सूचना ।**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

# शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**ब्याङ्गडाडा, झापा**
**प्रदेश नं.१, नेपाल**

**नयाँ वर्ष २०७९ सालको उपलक्ष्यमा आम नगरबासी, आमा–बुवा, दाजु–भाई, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु–स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । साथै शिवसताक्षी नगरपालिकाद्वारा नगरबासीहरुलाई उपभोक्ता हित संरक्षणमा जारी सूचना ।**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

# शम्भुनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**कठौना, सप्तरी**
**मधेस प्रदेश, नेपाल**

**नयाँ वर्ष २०७९ सालको उपलक्ष्यमा आम नगरबासी, आमा–बुवा, दाजु–भाई, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु–स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । साथै शम्भुनाथ नगरपालिकाद्वारा नगरबासीहरुलाई उपभोक्ता हित संरक्षणमा जारी सूचना।**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

# अग्निसाईर कृष्णासवरन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**सितापुर, सप्तरी**
**मधेस प्रदेश, नेपाल**

**नयाँ वर्ष २०७९ सालको उपलक्ष्यमा आम गाउँबासी, आमा–बुवा, दाजु–भाई, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु–स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । साथै अग्निसाईर कृष्णासवरन गाउँपालिकाद्वारा गाउँबासीहरुलाई उपभोक्ता हित संरक्षणमा जारी सूचना ।**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**